२०७५ सालको कार्यविधि नं. ५

# पूर्वाधार मर्मत संभार कोष संचालन कार्यविधि,२०७५

त्रिवेणी गाउँपालिका
लुहाम,सल्यान
कर्णाली प्रदेश

# पूर्वाधार मर्मत संभार कोष संचालन कार्यविधि,२०७५

कार्यपालिकाबाट स्वीकृत मिति : २०७५।३।२८

**प्रस्तावना :** योजना कार्यक्रम संचालन गर्दा सो बाट कट्टी हुने १ प्रतिशत रकम र मर्मत संभारको लागि अन्य निकाय/सहकारबाट मर्मत संभार कोषमा जम्मा भएको मौज्दात रकम गाउँपालिका भित्रका विभिन्न पूर्वाधारका संरचनामा विभिन्न किसिमको विपत्तिको कारणबाट क्षति भई जनसाधारणको आवागमन वा दैनिक गतिविधिमा बाधा व्यवधार आएमा तत्काल त्यस्ता बाधा अवरोध हटाई वा मर्मत संभार गरी संचालनमा ल्याउन आवश्यक भएकोले त्रिवेणी गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी यो त्रिवेणी गाउँ कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यो कार्यविधिको नाम "पूर्वाधार मर्मत संभार कोष संचालन कार्यविधि,२०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कोष" भन्नाले त्रिवेणी गाउँपालिका भित्रका भौतिक संरचना मर्मत संभारको लागि स्थापना भएको कोषलाई सम्झनु पर्छ ।

(ख) "उपभोक्ता समिति" भन्नाले मर्मत संभार कार्यको लागि विकास योजना/कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ५को (१) बमोजिम गठन हुन उपभोक्ता समितिलाई जनाउँछ ।

(ग) "अमानत" भन्नाले मर्मत संभार कोषबाट रकम खर्च गर्न समितिको शिफारिसमा कार्यपालिकाबाट स्वीकृत वा अनुमोदित योजनाको लागि कार्यालयबाट सोझै काम गर्ने तरिकालाई बुझाउँछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले यस कार्यविधि बमोजिम योजना नीति निर्माण, योजना तर्जुमा तथा आवश्यक अन्य विषयमा निर्णय गर्न गठित समितिलाई बुझाउँछ ।

३. **कोषकोमा जम्मा हुने रकम :** (१) एक मर्मत संभार कोष रहनेछ यसमा देहायको रकम जम्मा हुनेछ ।

(क) योजना निर्माणबाट कट्टी हुने १ प्रतिशत रकम

(ख) समय समयमा वडा र गाउँपालिकाबाट जम्मा हुने रकम

(ग) संघ/प्रदेशबाट प्राप्त हुने रकम र

(घ) अन्य संघ संस्थाबाट प्राप्त हुने रकम

४. **कोषबाट संचालन हुने योजनाहरु :** (१) योजनाहरुको मर्मत संभार गरी पुनः सुचारु योग्य बनाउने उद्देश्येले गर्ने देहायको कार्य,

(क) वर्षात् वा अन्य कारणले गएको पहिरोको कारण पूर्वाधारहरुमा क्षति पुगेमा सो हटाउने कार्य,

(ख) भूकम्प वा अन्य विपत्तिको कारण भौतिक संरचनामा क्षति भएमा सो मर्मत संभार गरी सुचारु गर्ने कार्य,

प्रमाणित
२०७९।०८।०१

त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

(ग) पुराना वा जीर्ण भौतिक संरचनाहरुको मर्मत सुधार गरी सुचारु गर्ने कार्य,

५. **मर्मत संभार व्यवस्थापन समितिको गठन र काम कर्तव्य अधिकार** :(१) मर्मत संभार व्यवस्थापन समितिमा देहायका सदस्यहरु रहनेछन् :

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) वडा अध्यक्षहरु मध्य कार्यपालिकाबाट तोकेको एकजना | सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) योजना शाखा हेर्ने कर्मचारी | सदस्य सचिव |

(२) समितिको काम, कर्तव्य र अधिकार :

(क) मर्मत संभारको नीति योजना तर्जुमा गर्ने,

(ख) मर्मत संभार गर्ने योजना स्वीकृतको लागि कार्यपालिकामा पठाउने,

(ग) योजनाको अनुगमन सुपरीवेक्षण गरी प्रगती प्रतिवेदन पेश गर्ने

(घ) वार्षिक प्रतिवेदन गाउँसभामा पेश गर्ने

६. **काम गराउने विधि** : (१) योजना उपभोक्ता समितिबाट वा अमानत वा ठेक्काबाट गराउन सकिनेछ ।

(२) जुनसुकै विधिबाट काम गरेपनि व्यापक क्षति भएको वा तत्काल् मर्मत संभार नगरे ठूलो क्षति हुने अवस्थामा बाहेक मर्मत संभार सम्बन्धि कार्यमा ठूला मेसिन उपकरण प्रयोग गर्न पाइने छैन ।

७. **कोषको संचालन** :(१) मर्मत संभार कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख वा निजले तोकेको लेखाको अन्य कर्मचारीबाट हुनेछ ।

८. **कोषको लेखा परीक्षण गर्ने** : (१) कोषको आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण गराउने दायित्व स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोके बमोजिमको पदाधिकारीको हुनेछ ।

९. **बाधा अड्काउ फुकाउने** : (१) यस कार्यविधि बमोजिम कार्यान्वयन गर्ने सिलसिलामा केही कुनै बाधा अडकाउ परेमा कार्यसंचालन गर्न मर्मत संभार व्यवस्थापन समितिले निर्णय गरी बाधा अडकाउ फुकाउने सक्नेछ ।

१०.**मर्मत संभार कोषबाट संचालन् हुने आयोजनाहरु स्वीकृत गराउनु पर्ने** :(१) मर्मत संभार कोषबाट वार्षिक रुपमा संचालन हुने आयोजनाहरु गाउँसभाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विपत्तिको कारण कुनै आयोजना वा संरचना तत्काल मर्मत गर्नुपर्ने भएमा कार्यपालिकाको बैठकबाट निर्णय गराई काम गर्नुपर्नेछ । तर, त्यसरी गरेको मर्मत संभारको कार्य लगत्तै बस्ने गाउँसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

११. **बचाउ** : मर्मत संभार सम्बन्धी यस अघि भए गरेका कामकारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
त्रिवेणी, सल्यान
६ नं. प्रदेश, नेपाल

०७८।७।१

राम बहादुर डाँगी
गाउँपालिका अध्यक्ष